*निर्णयहरु:*

निर्णय नं १ प्रदेश सरकारबाट यस आर्थिक वर्ष २०७६/७७ प्राप्त हुने विशेष, समपुरक अन्तर्गत तपशिलको योजना छनौट गरी पठाइएकोमा सो अनुमोदन गर्ने निर्णय गरियो तथा ससर्त अनुदानबाट तपशिलका योजनाहरु छनौट गरी योजना पठाउने तथा बजेट माग गर्ने निर्णय गरियो ।

*विशेष/समपुरक योजना तर्फ*

| क्र.सं. | योजनाको विवरण | बजेटको श्रोत | कै |
|---|---|---|---|
| १ | पर्साइधाप सिँचाइ योजना, वडाँ नं ३ | विशेष अनुदान(३० लाख) | |
| २ | ढुङ्ग्रे गढन्ता सिँचाइ योजना, वडा नं ५ | समपुरक अनुदान(४० लाख) | |

*ससर्त अनुदान योजना तर्फ विद्यालय सुचना प्रविधि विस्तारका लागि तपशिलका विद्यालयहरुलाइ तपशिल अनुसारको योजना तथा बजेट माग गर्ने निर्णय गरियो ।*

| क्र.सं. | योजनाको विवरण | बजेट | कै |
|---|---|---|---|
| १ | श्री जनता मा वि गौरीडाँडा वडा नं ३ | १६ लाख | |
| २ | श्री देउराली मा वि वडा नं १ | १६ लाख | |
| ३ | श्री मा वि हात्तीलेट वडा नं ८ | १६ लाख | |
| ४ | श्री लक्ष्मिनारायण मा वि वडा नं १० | १६ लाख | |
| ५ | श्री जनहित नन्दलाल मा वि चौलिखा वडा नं ६ | २० लाख | |
| ६ | | १६ लाख | |
| | जम्मा | १०००००००। | |

निर्णय नं २ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.६६ एवं महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. १२२ को पत्र अनुसार प्रत्येक स्थानिय स्तरमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्नु भन्ने परिपत्र अनुसार यस नगरपालिकामा पनि लैङ्गिक हिसां निवारण कोष स्थापना गर्ने निर्णय गरियो ।साथै ससर्तको अनुदानबाट आएको रकम रु.१००००।(दश हजार) तथा नगरपालिकाबाट १ (एक) लाख रुपैंया कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं ३ स्थानिय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति र स्थानिय राजस्व परामर्श समितिमा कार्यपालिकाका महिला सदस्यहरु मध्येबाट क्रमशः बच्ची नेपाली र श्री टिकामाया विश्वकर्मालाई मनोनयन गर्ने निर्णय गरियो ।साथै कृषि विकास बोर्डको सदस्यमा तपशिलका सदस्यहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

१. राम बहादुर राना  वडा नं ४

२. पदम बलम्पाकी वडा नं ६

३.

निर्णय नं ४  स्थानिय साक्षरता समितिको मिति २०७६/११/११ को कार्ययोजना सम्बन्धी निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ५  आर्थिक वर्ष ०७७/७८ को लागि तराइ मधेश समृद्ध कार्यक्रम अन्तर्गत तपशिलका योजना छनौट गरी बजेट माग गर्ने निर्ण गरियो ।

| सि.नं | योजनाको विवरण |
|---|---|
| १ | सामुदायिक भवन निर्माण (२०० व्यक्ति अट्ने क्षमता भएको) वडा नं १ देखि १४ सम्म लगत इस्टिमेटको आधारमा प्रति वडा ५० लाखको दरले |
| ३ | कृषि सिँचाइको लागि डिप बोरिङ्गको लागि ५० लाख (विभिन्न वडाहरु) |

निर्णय नं ६  सरसफाई ऐन २०७६ स्विकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ७  नगर तथा विभिन्न वडाहरुबाट छनौट  भइ आएका योजनाहरुमध्ये विविध खर्च, तालिम/ गोष्ठी /सशक्तिकरण कार्यक्रम/अभिमुखिकरण, विभिन्न समाग्री खरिद तथा अनुदान  एवं वितरण मुखी योजनाहरु संसोधन गरी अन्य पुर्वाधार विकास लक्षित योजनाहरु छनौट गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ८  मेयर कृषि कार्यक्रममा विनियोजित एकमुष्ठ बजेटबाट तपशिलका योजना तथा कार्यक्रममा तपशिल बमोजिम बजेट ब्रेकडाउन गर्ने निर्णय गरियो ।साथै स्थान नतोकिएको हकमा कृषि विकास बोर्डबाट निर्णय गरि स्थान तोक्ने निर्णय गरियो ।

निर्णय नं ९ यस नगरपालिका अन्तर्गतका नगर स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्य तर्फका कर्मचारीहरुको लागि आवश्यक तलब लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं १० मिति २०७६ फागुन ५ गतेको कार्यपालिकाको निर्णयानुसार मिति २०७६ फागुन ९ गते खोला ठेक्काको सुचना प्रकाशित भएकोमा IEE भएका खोलाहरुको वार्षिक औसत परिमाणलाई आधार मानी ठेक्का बन्दोबस्ति गर्ने साथै न्युनतम ठेक्का रकम दैनिक भएकाले सो अंकलाई कायदिशको दिनबाट गणना गरी ०७७ असार मसान्त सम्मको हुन आउने रकमको ५० % सम्झौता अवधिमा बुझाउनु पर्ने र बाँकी रकमको हकमा यस कार्यालयको नाममा ०७७ साउन मसान्त सम्मको बैंक जमानत पत्र पेश गरी सम्झौता तथा ठेक्का पट्टा उठाउनु पर्ने गरी संसोधित सुचना प्रकाशन भएकोमा सो संसोधित सुचनालाई अनुमोदन निर्णय गरियो ।

निर्णय नं ११ न्यायिक समितिको मेलमिलाप कार्यसंचालन कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

बजेट बाँडफाँड ९ करोड

| विवरण | रकम | जम्मा रकम |
|---|---|---|
| **सिचाई परियोजना** | | |
| गत सालको सिचाई आयोजनको लागी आवश्यक थप बजेट | २,०००,०००.०० | |
| नया सिचाई योजना | ३०,०००,०००.०० | |
| मोडेल एग्रो भिलेज (हेड सेट र मेन लाईन) | ५,०००,०००.०० | ३७,०००,०००.०० |
| **मेसिन उपयोग/भाडा घर** | | |
| भौतिक पूर्वाधार | ८,५००,०००.०० | |
| मेसिनहरु | ५,०००,०००.०० | १३,५००,०००.०० |
| **पशु प्रजनन् स्रोत केन्द्र तथा घास व्यवस्थापन** | | |
| भौतिक पूर्वाधार | ३,०००,०००.०० | |
| उन्नत नश्ल खरिद (बोका, रागा) | २,०००,०००.०० | |
| आवश्यक घाँस खेति | २५०,०००.०० | ५,२५०,०००.०० |
| **जग्गा व्यवस्थापन** | | |
| सडक तथा नाला सुधार | १,०००,०००.०० | |
| परियोजना अनुसार जग्गा कित्ता काट | ५००,०००.०० | |
| माटो व्यवस्थापन | २,०००,०००.०० | ३,५००,०००.०० |
| **विरुवा उपचार युनिट** | | |
| भौतिक पूर्वाधार | १,५००,०००.०० | |
| प्रयोगशाला सामाग्री खरिद | १,५००,०००.०० | ३,०००,०००.०० |
| **उन्नत जातका तरकारी वेर्ना वितरण** | | ३,०००,०००.०० |
| घेरा वेराको लागि थप आवश्यक वजेट | | ५,०००,०००.०० |
| **कर्मचारी खर्च** | | १२०,०००.०० |
| **माछा भुरा केन्द्र विकास** | | |
| माछा भुरा स्याहार सुसार युनिट | १,७६०,०००.०० | |
| प्याकिङ्ग तथा वितरण युनिट | २००,०००.०० | |
| कार्यालय व्यवस्थापन र शौचालय निर्माण | ३८०,०००.०० | २,३४०,०००.०० |
| परामर्श सेवा खरिद (अन्य विविध प्रशासनिक खर्च | | ३,५००,०००.०० |
| **जैविक विविधता पार्क** | | |
| भौतिक पूर्वाधार | २,५००,०००.०० | |
| वृक्षारोपण र सिचाई | १,२९०,०००.०० | ३,७९०,०००.०० |
| सभा गृह निर्माण(बहु बार्षिक योजना) | | १०,०००,०००.०० |
| कुल जम्मा रकम | | ९०,०००,०००.०० |

नोटः- बढोत्तरी बजेट सिचाई परियोजनामा खर्च गरिने छ ।

बजेट बाडफाट २ करोडको (गत सालको सिचाई परियोजना तर्फ)

| | | |
|---|---|---|
| सिचाई साझेदारी कार्यक्रम | १,०००,०००.०० | |
| पैंनि र पोखरि सुधार कार्यक्रम | ३,०००,०००.०० | |
| नया डिप बोरिङ र इनार निर्माण (१० वटा) | ५,०००,०००.०० | |
| लिफ्ट सिचाई तथा थोपा सिचाई | ५,०००,०००.०० | |
| पुरानो बोरिङ सुधार (१० वटा) | ८,०००,०००.०० | २२,०००,०००.०० |